# स्थानीय राजपत्र

**शैलुङ गाउँपालिकाद्वारा प्रकाशित**

खण्डः ३)  संख्याः ०३,  १० चैत्र, २०७६

# भाग–२

**शैलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय काटाकुटी दोलखा**
**बागमती प्रदेश, नेपाल**

## "शैलुङ गाउँपालिकाको शिक्षा योजना कार्यान्वयन कार्यनीति, २०७६"

**प्रस्तावना:** नेपालको संविधानले स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी प्रदान गरे अनुरुप शैलुङ गाउँपालिकाले शिक्षा सम्बन्धी नीति पारित गरी त्यसलाई कार्यान्वयन गर्नका लागि शिक्षा ऐन र शिक्षा योजना समेत निर्माण गरिसकेको छ। यस गाउँपालिकाले शिक्षा ऐनका प्रावधान अनुसार योजनाले निर्धारण गरेका लक्ष्यहरुलाई हासिल गर्नको लागि तपसिल बमोजिमको कार्यनीति पारित गरी लागु गर्ने निर्णय गरेको छ।

## १. पहुँचको सुनिश्चितता

- चार वर्ष उमेर समुहका सबै बालबालिकालाई बढिमा आधा घण्टाको पैदल हिडाइमा बालविकास केन्द्र पुग्ने गरी नयाँ बाल विकास केन्द्रहरुको स्थापना र पुराना बाल विकास केन्द्रको समायोजन गर्ने।
- सबै बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गराउनका लागि अभिभावकहरुलाई उत्प्रेरित गर्न सचेतना र सहयोगका कार्यक्रमहरु संचालन गर्ने।
- तीन वर्ष सम्मको उमेर समुहका बालबालिका र गर्भमा रहेका बच्चाहरुको समेत पोषण, बृद्धि र विकासमा सहयोगी हुन अभिभावकहरुलाई सचेतना र सहयोगका कार्यक्रमहरु संचालन गर्ने।
- भौगोलिक दुरीका कारण बालविकास केन्द्रमा उपस्थित हुन नसक्ने बालबालिकाकालागि घर, टोल तथा कार्य थलोमै सिकाइ सामग्री उपलब्ध गराउने व्यवस्था गर्ने।
- गाउँपालिका भित्रका ५-१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षाको पहुँच पुऱ्याउनका लागि नक्साङ्कन गरी विद्यालय समायोजन, वहु कक्षा विद्यालय स्थापना र आवश्यकता अनुसार विद्यालय स्थानान्तरण गर्ने।
- आधारभूत शिक्षा पुर्णरुपमा निशुल्क र अनिवार्य गर्नको लागि अभिभावक सचेतना र सहयोगका कार्यक्रमहरु संचालन गर्ने।
- गाउँपालिका भित्र बसोबास गर्ने गरिब, अपाङ्गता भएका व्यक्ति, सामाजिक रुपले पछि परेका र भाषिक र जातीय अल्प संख्यकहरुका बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि छात्रबृत्ति, आय आर्जन, सचेतना जस्ता कार्यक्रमहरु संचालन गर्ने।
- अभिभावक वा संरक्षक कोहि नभएका अनाथ बालबालिकाहरुको लागि गाउँपालिकाले विशेष कार्यक्रम संचालन गरी उनिहरुलाई खान बस्नको सुबिधा सहितको आवासीय शिक्षा प्रदान गर्ने व्यवस्था गर्ने ।
- गाउँपालिका भित्र सबैको पहुँचमा माध्यमिक तहको शिक्षा पुऱ्याउन हाल संचालनमा रहेका माध्यमिक विद्यालयहरुमा भौगोलिक विकटता र अपाङ्गताका कारण जान नसक्ने बालबालिकाहरुका लागि आवासीय विद्यालय संचालन गर्ने।

- माध्यमिकतहको शिक्षा पुर्ण रुपमा निशुल्क गर्न विद्यालय र अभिभावकहरुका लागि आय आर्जनका कार्यक्रमहरु संचालन गर्न विभिन्न किसिमका सहयोग कार्यक्रमहरु संचालन गर्ने।
- आधारभूत तह वा माध्यमिक तहको शिक्षा पुरा गरेपछि विभिन्न कारणले औपचारिक शिक्षालाई निरन्तरता दिन नसकेका व्यक्तिहरुका लागि रुचि र क्षमता अनुसारको प्राविधिक र व्यवसायिक शिक्षा तथा तालिम प्रदान गर्न गाउँपालिकामा एउटा वहु प्राविधिक विद्यालयको स्थापना गर्ने।
- गाउँपालिकाभित्र साक्षरताको सर्वेक्षण गर्ने र सबै प्रौढहरुलाई साक्षर बनाउनका लागि आवश्यक देखिएका वडा र टोलहरुमा साक्षरता कक्षाहरु संचालन गर्ने।
- मानिसहरुमा पढ्ने बानीको विकास गर्न र सिकाइलाई जीवन पर्यन्त निरन्तरता दिनका लागि प्रत्येक वडामा एउटा सामुदायिक सिकाइ केन्द्रको स्थापना गर्ने र त्यसै मार्फत साक्षरता र निरन्तर सिकाइका कार्यक्रमहरु संचालन गर्ने।
- गाउँपालिकामा उच्च शिक्षा प्रदान गर्न क्याम्पस स्थापनाका साथै श्रोत साधन युक्त बनाउने र उच्च शिक्षाका आकांक्षी क्षमतावान व्यक्तिहरुलाई उच्च शिक्षाको पहुँच उपलब्ध गराउने।

## २. व्यवस्थापकीय क्षमता सुदृढिकरण

- बालविकास केन्द्रमा आउने बालबालिकाका अभिभावकहरुबाट बालविकास केन्द्र व्यवस्थापन समिति बनाउने र समुदाय तथा विद्यालयमा संचालित बालविकास केन्द्रहरुको व्यवस्थापनमा अभिभावकहरुलाई जिम्मेवार बनाउने।
- बालविकास केन्द्रमा दिवाखाजा, शुद्ध खानेपानी, खेल्ने सामग्री, खेल्ने ठाउँ आदिको महत्वबारे अभिभावकहरुलाई जानकारी गराउने कार्यक्रम संचालन गर्ने र सोको उचित प्रबन्धका लागि अभिभावकहरुको सहयोग र संलग्नता बढाँउने।
- गाउँ सभाद्वारा पारित शिक्षा ऐन र नियमावली अनुसार गठन भएका विद्यालय व्यवस्थापन समितिहरुलाई विद्यालयको समग्र व्यवस्थापन कार्यमा पूर्ण जिम्मेवार बनाउने र प्रधानाध्यापकहरुलाई लक्ष्य तोकी विद्यालयका सबै पक्षमा सुधारका लागि जिम्मेवार बनाउन लगाउने।

- विद्यालयहरुमा 'गुणस्तरीय शिक्षाकालागि न्युनतम सक्षमताको अवस्था २०६९ र बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ मा उल्लेखित प्रावधानहरुको कार्यान्वयन गर्न सहयोग गर्ने।
- व्यवस्थापन समितिहरु र प्रधानाध्यापकहरुलाई विद्यालयको आय-व्यय, विद्यार्थीको सिकाइको गुणस्तर, भौतिक अवस्था, विद्यालयका आवश्यकताहरु आदि समग्र पक्षहरुको पारदर्शी विवरण समय समयमा अभिभावकहरु समक्ष पेश गर्न लगाउने र विद्यालय व्यवस्थापनमा अभिभावकहरुको सहयोगी भूमिका सुनिश्चित गर्ने।
- सामुदायिक सिकाइ केन्द्रहरुलाई अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइका कार्यक्रमहरु संचालनका लागि जिम्मेवार बनाउने र तिनीहरुको व्यवस्थापनमा स्थानीय व्यक्तिहरुलाई संलग्न गराउने।

## ३. गुणस्तरमा सुधार

- प्रत्येक बालविकास केन्द्रमा बालविकास पाठ्यक्रममा निर्धारण गरिएका क्रियाकलापहरु संचालन गरी बालबालिकाहरुको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकासलाई सहयोग गर्ने।
- बालविकास केन्द्रमा एक वर्षको अध्ययन पछि कक्षा १ मा भर्ना हुन जाने बालबालिकाहरुले सामान्य भाषिक र गणितीय सीपहासिल गरेको सुनिश्चित गर्ने।
- विद्यालय शिक्षामा पाठ्यक्रम कार्यान्वयनलाई जोड दिने र पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरु हासिल भएको सुनिश्चित गर्ने।
- विद्यालयहरुमा अतिरिक्त र सहक्रियाकलापहरु मार्फत बालबालिकाहरुको विशेष क्षमता र रुचि पहिचान गरी त्यसको विकासकालागि कार्यक्रमहरु संचालन गर्ने।
- प्रत्येक विद्यालयमा पुस्तकालय र आवश्यकता अनुसार प्रयोगशाला र संग्रहालय समेतको व्यवस्था गरी विद्यार्थीको सिकाइलाई गुणस्तरीय बनाउन सहयोग गर्ने।
- विद्यालयमा विद्यार्थीहरुको सिकाइलाई अर्थपुर्ण, रमाइलो र व्यवहारिक बनाउनका लागि बालबालिकाहरुका अनुभवलाई उपयोग गर्ने र कक्षा कोठामा सहयोगात्मक र सक्रीय सिकाइलाई जोड दिने।
- प्रत्येक बालबालिकाको समग्र पक्षको विकासलाई देखाउने गरी

विद्यार्थी कार्य संचयिकाको व्यवस्था गर्ने र समय समयमा अभिभावकहरुलाई त्यसबारे जानकारी गराई आवश्यक राय सुझाव र सल्लाह लिने।

- विद्यार्थीहरुको सिकाइले उनीहरुको दैनिक व्यवहारमा पारेको सकारात्मक प्रभाव बारे अवलोकन गरी शिक्षकले समय समयमा अभिभावकहरुलाई जानकारी दिने र लिने काम गर्ने।
- गाउँपालिका भित्र प्राबिधिक र व्यवसायिक तालिम तथा शिक्षा प्रदान गर्ने विद्यालय र संस्थाहरुमा सम्बन्धित विषयको प्रयोगात्मक सीप प्रदान गर्ने आवश्यक भौतिक सुविधाहरु र दक्ष जनशक्ति भएको सुनिश्चित गर्ने र त्यस्ता संस्थाबाट उत्पादित जनशक्तिको रोजगारी वा स्वरोजगारीको अवस्थाबारे गाउँपालिकामा सूचना व्यवस्थपन गर्ने।
- अनौपचारिक शिक्षाका कक्षाहरुमा सहभागी भएका प्रौढहरुको सिकाइ र त्यसबाट उनिहरुको दैनिक व्यवहारिक जीवनमा परेको प्रभावबारे सबै सामुदायिक अध्ययन केन्द्रहरुले समय समयमा सर्वेक्षण गरी जानकारी व्यवस्थित गरिराख्ने।
- अनौपचारिक शिक्षा प्राप्त गरेपछि आय आर्जनमा बृद्धि गरी जीवनस्तरमा सुधार ल्याएका र पढाइ तथा सिकाइलाई निरन्तरता दिएका व्यक्तिहरुको विवरण गाउँपालिकाले प्रकाशन गरी सबैलाई सिकाइ प्रति उत्प्रेरित गर्ने।
- उच्च शिक्षामा प्रवेश परीक्षाका आधारमा क्षमतावानहरुलाई मात्र प्रवेश गराउने र यस तहको शिक्षालाई अनुसन्धानमुलक बनाउने।

## ४. क्षमता विकास

- बालविकास सहयोगी कार्यकर्ताहरुलाई बालबालिकाको चौतर्फी विकासमा कसरी सहयोग पुर्याउने भन्ने विषयमा पुनर्ताजगी तालिम गाउँपालिकाले संचालन गर्ने।
- अभिभावकहरुलाई बालविकास र सिकाइबारे जानकारीमुलक अभिमुखिकरण कार्यक्रम संचालन गर्ने र त्यसबारे परम्परागत रुपमा गरिएका अभ्यासहरुका सकारात्मक पक्षहरुबारे छलफल गर्ने।
- शिक्षकहरुलाई पाठ्यक्रम निर्माण, पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध, पाठ्यक्रम कार्यान्वयन योजना, विद्यार्थी उपलब्धिको मुल्याङ्कन आदि विषयमा तालिम संचालन गर्ने।

- गाउँपालिका भित्र उपलब्ध जनशक्ति र समय समयमा बाहिरबाट बोलाइएका विषय विज्ञहरुबाट शिक्षकको कक्षा अवलोकन गर्न लगाई पृष्ठपोषण दिने र शिक्षकले कक्षामा संचालन गर्ने क्रियाकलापहरुमा सुधार गर्न सहयोग गर्ने।
- गाउँपालिका भित्रका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको विषयगत समितिहरु बनाई समय समयमा गोष्ठी, छलफल, कार्यशाला आदिको आयोजना गर्ने।
- विद्यालय व्यवस्थापन समिति, बालविकास केन्द्र व्यवस्थापन समिति, सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति र क्याम्पस व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि तालिम, गोष्ठी, छलफल, कार्यशाला आदि संचालन गर्ने।
- विद्यालयका प्रधानाध्यापकहरु र सामुदायिक अध्ययन केन्द्रका परिचालिकाहरुका लागि व्यवस्थापन तालिम संचालन गर्ने।
- गाउँपालिकामा प्रचलित परम्परागत सीप, कला, संस्कृति आदि बारे जानकारी राख्ने स्थानीय व्यक्तिहरुलाई समय समयमा विद्यालयमा बोलाई श्रोत व्यक्तिकोरुपमा काम गर्न लगाउने ।

## ५. बालपार्कको व्यवस्था

- गाउँपालिकाका सबै वडामा विद्यालय, वालवालिका, तिनका अभिभावक, तथा वडाको सहयोगमा कम्तिमा एउटा वालपार्क निर्माण गर्ने
- यस्ता पार्कमा संग्रहालय, पुस्तकालय, खेल मैदान, पिकनिक स्थल, तथा अन्तर पुस्तेनी संवाद स्थल बनाउने

**प्रमाणिकरण मिति : ०६ चैत्र, २०७६**

**आज्ञाले,**
**रामकुमार महतो**
**प्रमुख प्रशासकीय अधिकृत**